

# अध्याय -१२

# येशूमाथि मुद्दा चलाएर फैसला गरेको र क्रूसमा टाँगिएको

*यस अध्यायका मुख्य पदहरू:* मर्कूस १५, लूका १३:१, भजन २२:१८, यूहन्ना २०:२४-२९, यूहन्ना १:१-३ र दानिएल ९:२४-२७।

*यस अध्यायको मूल सार पद:* **"बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो। तीन बजेतिर यसो भनेर येशू ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" – जसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" मर्कूस १५:३३-३४।**

येशूको वेदना वा पीडाको बारेमा वर्णन मर्कूसले गरिएकोमा मर्कूस १५ मुटु वा केन्द्रविन्दु हो। यहाँ येशूको विरुद्धमा मुद्धा चलाएको, उहाँलाई दोषी ठहऱ्याएको, रोमी सिपाहीँहरूले उहाँको उपहास र गिल्ला गरेको, उहाँलाई क्रूसमा टाँगिएको, उहाँको मृत्यु र चिहानमा गाडिएको घट्नाहरूलाई यस अध्यायमा प्रस्तुत गरिएको छ। यस अध्यायमा भएका घट्नाहरूलाई लेखकले सटीक, स्पष्ट, तिक्ष्ण, छोटो र भावानत्मक रूपमा विस्तृत तरिकाले प्रस्तुत गरिएकोले पाठकहरूलाई ती घट्नाहरू हृदयमा गाडियोस् भन्ने लेखकको मनशाय भएको पाउँछौं।

यस अध्यायभरि आइरोनी (irony), विडम्बना jf उपहासको भूमिका उल्लेखनीय छ। त्यसले गर्दा यस आइरोनीको अर्थ के हो भनेर स्पष्ट परिभाषा बुझ्नु जरुरी छ।

आइरोनी वा विडम्बनामा तीन तत्त्वहरू छन्: (१) दुई तहका अर्थहरू, (२) एक आपसमा हुने द्वन्द्व वा विपिरितका दुई तहहरू (३) कसैले विडम्बना वा आइरोनीलाई बुझ्न वा देख्न नसक्ने। त्यहाँ के भइरहेको छ सो व्यक्तिले महसुस नगर्दा उसैले त्यसको नतिजाहरू भोगेर दुःख पाउनु पर्ने स्थिति।

*पिलाटुसले येशूलाई सोधेका, "के तिमी यहूदीहरूका राजा हौ" देखि लिएर यहूदी धर्मगुरुहरूको उपहास गर्दै येशूलाई गिल्ला गर्नेहरूले क्रूसमा टाँगिएको भनाइको बारेमा यस अध्यायमा नियाल्नेछौं। "उसले अरूहरूलाई बचाए; तर आफैलाई चाहीं बचाउन सकेन" भन्ने उहाँको गिल्ला गर्नेदेखि अचानक अपेक्षा नगरिएको अर्मिथियाका योसेफ जस्ता घट्नाहरूले यस अध्याय भरिएको छ। ती सबै पीडादायी आइरोनी वा विडम्बनाहरू भएतापनि येशूको मृत्युको बारेमा प्रभावकारी सत्यहरू र उहाँको मृत्युको अर्थ के हो भनेर यस अध्यायमा भरिएको हामी हेर्नेछौं।*

## १. "के तिमी यहूदीहरूका राजा हौ?"

**मर्कूस १५:१-१५ पढ्नुहोस्। कुन किसिमको आइरोनी वा विडम्बना वा कहालीलाग्दो परिस्थितिहरू यहाँ भइरहेका छन्? हेर्नुहोस्, " १ बिहान हुने बित्तिकै मुख्य पूजाहारीहरू, धर्म-गुरुहरू, शास्त्रीहरू र जम्मै महासभाले आपसमा सल्लाह गरी येशूलाई बाँधेर लगे, र पिलातसकहाँ सुम्पिदिए। २ पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ?" उहाँले उनलाई जवाफ दिनुभयो, "तपाईं नै त्यसो भन्नुहुन्छ।" ३ मुख्य पूजाहारीहरूले उहाँमाथि धेरै कुराको दोष लगाए। ४ पिलातसले उहाँलाई फेरि यसो भनेर सोधे, "के तिमीसित केही जवाफ छैन? हेर, तिम्रो विरुद्धमा तिनीहरूले कति कुराहरूको दोष लगाउँछन्।" ५ तर येशूले फेरि केही जवाफ दिनुभएन, यहाँसम्म कि पिलातस छक्क परे। ६ निस्तार-चाड़को बेला मानिसहरूले मागेको एक जना कैदीलाई तिनीहरूका निम्ति पिलातसले छोड्ने गर्थे। ७ विद्रोहको समयमा हत्या गर्ने विद्रोहीहरू झ्यालखानमा थिए। तीमध्ये बारब्बा नाउँको एक जना त्यहाँ थियो। ८ भीड आयो र पिलातसलाई उनको चलनअनुसार तिनीहरूका निम्ति गरिदेऊन् भनी बिन्ती गर्न लाग्यो।**

**९ पिलातसले यसो भनेर तिनीहरूलाई प्रश्न गरे, "के म तिमीहरूका निम्ति यहूदीहरूका राजालाई छोडिदिऊँ भन्ने तिमीहरू चाहन्छौ?" १० किनकि ईर्ष्याले गर्दा नै मुख्य पूजाहारीहरूले येशूलाई उनीकहाँ सुम्पेका हुन् भनी उनलाई थाहा थियो। ११ तर बरु बारब्बालाई तिनीहरूका निम्ति उनले छोडिदेऊन् भनेर मुख्य पूजाहारीहरूले भीड़लाई सुऱ्याए। १२ पिलातसले फेरि तिनीहरूलाई सोधे, "त्यसो भए जसलाई तिमीहरू यहूदीहरूका राजा भन्छौ, उसलाई चाहिँ म के गरूँ त?" १३ तिनीहरू फेरि चिच्च्याए, "त्यसलाई क्रूसमा टाँग्नुहोस्।" १४ पिलातसले तिनीहरूलाई भने, "किन? उसले के अपराध गरेको छ र?" तर झन् साह्रो गरी चिच्च्याएर तिनीहरूले भने, "त्यसलाई क्रूसमा टाँग्नुहोस्।" १५ तब पिलातसले भीड़लाई सन्तुष्ट पार्ने इच्छाले तिनीहरूका निम्ति बारब्बालाई छोडिदिए, र येशूलाई कोर्रा लाएर क्रूसमा टाँग्न सुम्पिदिए।**

सन् २६-२७सम्म पोन्टियोस पिलातस यहूदाका रोमी बडाहाकिम थिए। उनी दयालु अगुवा थिएन। उनले गरेका धेरै क्रियाकलापहरूले त्यहाँका बासिन्दाहरूको बीचमा आतङ्क मच्चिएको थियो (लूका १३:१)। जब यहूदी सभासदमा येशूमाथि मुद्दा लगाएर बहस भएको थियो त्यसमा उहाँलाई ईश्वरनिन्दा गरेको भन्दै उहाँ मृत्युदण्डको योग्य हुनुहुन्छ भनेर फैसला सुनाइएको थियो। तर रोमी शासनमा प्रायजसो धेरै मामिलामा कसैलाई मृत्युदण्ड दिने अधिकार दिएको थिएन। त्यसैले गर्दा येशूलाई दोषी ठहऱ्याएर मृत्युदण्ड दिऊन् भनेर यहूदी धार्मिक अगुवाहरूले उहाँलाई पिलातसको सामु ल्याएका थिए।

येशूको विरुद्धमा पिलातसको सामु के के अभियोगहरू लगाए भन्ने उल्लेख नगरेतापनि पिलातसले येशूलाई प्रश्ना गरेको आधारमा उहाँको विरुद्धमा खास के अभियोग ती धर्मगुरुहरूले लगाएका थिए भन्ने आभास् पाइन्छ। "तिमी यहूदीहरूका राजा हौ?" भनेर उनले येशूलाई सोधेका थिए (मर्कूस १५:२)। पौराणिक इस्राएलमा राजाहरूलाई अभिषेक गरिन्थ्यो। त्यसकारण, मसीह वा अभिषेक गरिएको भनेर येशूले गर्नुभएको दावीलाई बँग्याएर उहाँले राजा भनेर दावी गर्नुहुँदा उहाँ रोमी सम्राटसँग प्रतिस्पर्धा गर्नुभएको आभास दिएको थियो। सानहिड्रन वा यहूदी सभासदले उहाँलाई ईश्वरनिन्दा गरेको भनेर आरोप लगाएतापनि उहाँले रोमी राज्यको विरुद्धमा षडयन्त्र गरेको त्यसकारण मृत्युदण्डको फैसला उहाँले पाउन् भनेर बडाहाकिमकहाँ तिनीहरूले उहाँलाई ल्याएका थिए।

येशू दुवै मसीह र यहूदीहरूका राजा हुनुभएको तथ्यलाई यहूदीहरूले नबुझ्नु नै तिनीहरूको बिडम्बना थियो। उहाँलाई ईश्वर निन्दा गरिएको र उहाँले षडयन्त्र गर्नुभएका अभियोगहरू नै तिनीहरूको गलत निर्णय थियो। तिनीहरूले उहाँलाई ढोगेर सम्मान गर्नुपर्दथ्यो। तर येशू राजकीय ढङ्गले उभिनुभएको थियो। पिलातसलाई उहाँले दिनुभएको "तपाईंले नै भन्नुभयो" (मर्कूस १५:२) जवाफमा आफू होइन भनेर अस्वीकार गर्नुभएको थिएन बरु उहाँले समर्थन गर्नुभएको थियो। उहाँको जवाफले नै उहाँ राजा हुनुहुन्छ भन्ने आभास दिएको थियो तर मानिसहरूले सोचेको भन्दा फरक राजा (यूहन्ना १८:३३-३८सँग तुलना गर्नुहोस्)।

निस्तार चाडको समयमा झ्यालखानमा रहेको कैदीलाई स्वतन्त्र गर्ने चलनलाई मर्कूसले आफ्नो वर्णनमा उल्लेख गर्दछन्। यदि तिनीहरूले यहूदीहरूका राजालाई स्वतन्त्र गर्ने होकि भनेर पिलातसले ती धर्मगुरुहरूलाई सोधेका थिए भनेर मर्कूस १५:९मा उल्लेख गरिएको छ। उनले आइरोनी वा उपहासपूर्ण सम्बोधन गरेतापनि त्यो उपहास पिलातस आफैको विरुद्धमा थियो।

मर्कूस १५:९मा समझ, दृष्टिकोण, धारणा र अन्तरज्ञानको बारेमा अध्ययन गरिन सकिन्छ। धार्मिक अगुवाहरूले येशूलाई ईख गरेर उनकहाँ सुम्पेको भन्ने उनको दृष्टिकोण थियो। तर जब भिडलाई येशूको बारेमा के गर्ने भनेर सोध्दा येशूलाई केवल ईर्ष्या गरेर मात्रै सुम्पेको भनेर उनले बुझेका थिएनन्। ती धर्मगुरुहरूलाई भिडलाई उचालेर येशूलाई क्रूसमा टाँगिनुपर्छ भनेर चिच्याउन उचालेका थिए। पिलातस हच्किन्छ र उहाँलाई बचाउन खोज्छन्। क्रूसमा टाँगेर मर्नु भनेको भयानक यातना दिएर मार्नु हो। त्यसमा पनि येशू निर्दोष छ भन्ने आभास पिलातसले पाएको थियो। यो पीडादायी बिडम्बना नै हो कि सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्ने बडाहाकिमले येशूलाई स्वतन्त्र गर्ने चाहेका तर धर्मगुरुहरूले उहाँलाई क्रूसमा टाँगियोस् भनेर एकै स्वरले चिच्याएका।

***कतिपय समयमा आक्रोसित भिडले गलत बाटो लिन्छ। जतिसुकै चापमा परेतापनि भिडको निर्णयमा आफू नजान के गर्ने?***

## २. यहूदीहरूका राजाको जय होस्!

**मर्कूस १५:१५-२० पढ्नुहोस्। सिपाहीहरूले के गरे र त्यो किन अर्थपूर्ण छ? हेर्नुहोस्: "१५ तब पिलातसले भीड़लाई सन्तुष्ट पार्ने इच्छाले तिनीहरूका निम्ति**

**बारब्बालाई छोडिदिए, र येशूलाई कोर्रा लाएर क्रूसमा टाँग्न सुम्पिदिए। १६ सिपाहीहरूले उहाँलाई प्रेटोरियन, अर्थात् महलभित्र लगे, र जम्मै पल्टनलाई भेला गराए। १७ अनि तिनीहरूले उहाँलाई बैजनी रङ्गको वस्त्र लगाइदिए, र काँढ़ाहरूको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, १८ अनि "यहूदीहरूका राजाको जय" भन्दै तिनीहरूले उहाँलाई सलाम गर्न लागे। १९ अनि तिनीहरूले उहाँको शिरमा निगालोले हिर्काउँदै उहाँलाई थुके, र घुँड़ा टेकेर उहाँलाई दण्डवत् गरे। २० अनि येशूको गिल्ला गरिसकेपछि तिनीहरूले बैजनी वस्त्र फुकालिदिए, र उहाँका आफ्नै लुगा लगाइदिए। त्यसपछि तिनीहरूले उहाँलाई क्रूसमा टाँग्नलाई बाहिर लगे।"**

अपराधीलाई मृत्युदण्ड दिनुभन्दा अघि रोमनहरू पत्थरको हृदयले सजिएर तिनीहरूले उसलाई निर्मम यातना दिन्थे। अपराधीका लुगाहरू फुकालिदिन्थे, खम्बामा बाँध्थे र कोर्रा हान्थे। त्यो कार्रमाको डोरीमा हाडका टुक्राहरू, सिसा, ढुङ्गा र सिक्रीहरू गाँसिएका हुन्थे।

येशूलाई कोर्रा हानेपछि सिपाहीहरूले उहाँको गिल्ला गर्दै र हेप्दै उहाँलाई बैजनी वस्त्र लगाइ दिएका थिए, उनको शिरमा काँडाका मुकुट रगताम्ये गरेर घोच्ने गरेर लगाइ दिएका थिए। सिपाहीहरूको एक समूहलाई पल्तन वा बतालिएन भनिन्थ्यो। त्यसमा २००देखि ६०० सिपाहीहरू हुन्थ्यो।

यहाँ बिडम्बना वा आइरोनीको दृश्यलाई पाठकको सामु प्रस्तुत गरिएको छ। येशू बास्तविकमा राजा नै हुनुहुन्थ्यो। सिपाहीँहरूले उहाँको उपहास गरेर व्यक्त गरेका शब्दहरूले तिनीहरूले सत्य नै बोलीरहेका थिए। रोमका सम्राटलाई "महान् सम्राट सिजरको जय होस्!" भन्नेर चिच्याउने शब्दहरूकै नक्कल गरेर येशूलाई सम्बोधन गरेका थिए। यहाँ सम्राटसँग येशूलाई  तुलना गरेको स्पष्ट छ।

येशूको शिरमा निगालोले हिर्काउँदै, उहाँलाई थुक्दै उहाँको सामु घुँडा टेकेर अभिवादन गर्नु उहाँलाई हेप्नुको चरम सिमा थियो। ग्रीक भाषामा ती सबै व्यवहार भविष्यकालको क्रियापदमा लेखिएको छ। यस कालमा बारम्बार दोहोरिएका क्रियाकलाप उल्लेख हुन्छ। यसरी तिनीहरूले येशूलाई पिटेकै पिटे गरे, उहाँलाई थुकेको थुकै गरे, उहाँको उपहास गर्दै उहाँको सामु घुँडा टेक्दै रहे। ती सबै यातना येशूले चुपचाप सहनुभयो। उहाँले कुनै पनि प्रतिक्रिया व्यक्त गर्नुभएन।

मृत्यु दण्ड पाउने अपराधीले आफ्नै क्रूस नाङ्गै बोकेर क्रूस गाड्ने ठाउँमा लगिने रोमी मृत्यु दण्डको चलन थियो। यो पनि सारा समाजको अगाडि पूरै बेइज्जत गर्न र लाजमा पार्न अपराधीलाई अपमान गर्दथ्यो।

तर सार्वजनिक रूपमा कसैलाई नाङ्गो पार्नु यहूदीहरूको निम्ति आपत्तिजनक थियो। येशूलाई ओढाइ दिएको बैजनी लुगा फुकालेर उहाँलाई आफ्नै लुगा लगाइ दिएको थियो भनेर मर्कूस १५:२०मा टिप्पणी गरेको छ। समय र परिस्थिति अनुसार रोमीहरूले यहूदीहरूको संस्कारलाई सम्मान गरेको देखिन्छ।

यहाँ भएका सबै आइरोनी वा बिडम्बनाको बारेमा सोच्नुहोस्: उहाँको सामु शिर झुकाएर उहाँलाई उपहास गर्दै सम्मान गरेको, येशूलाई राजा भनेर सम्बोधन गरेको, ती सबै गिल्लाहरूमा येशू राजानै हुनुभएको थियो भनेर देखाएका थिए। यहूदीहरूको निम्ति मात्र नभएर सारा जातिको निम्ति उहाँ राजा हुनुभएको थियो। परमेश्वरलाई विश्वास नगर्ने मूर्तिपूजक रोमी सिपाहीहरूले उहाँलाई उपहास गरेतापनि उहाँ तिनीहरूको पनि राजा हुनुहुन्छ भनेर चित्रण गरिएको थियो।

***येशूलाई मृत्युदण्ड दिने र उहाँको उपहास गर्नेहरूले आफूहरूले के गरिरहेका थिए भन्ने तिनीहरूलाई थाहा थिएन। तर तिनीहरूको अनजानले न्यायको दिनमा उहाँलाई अस्वीकारलाई कसरी जवाफ दिने?***

## ३. येशूलाई क्रूसमा टाँगिन्छ

**मर्कूस १५:२१-३८ पढ्नुहोस्। के भयानक, आतङ्कित, पीडादायी तर आइरोनी वा बिडंम्बना यहाँ देखाइरहेको छ? हेर्नुहोस्: "२१ अनि अलेक्जेन्डर र रूफसका बुबा, कुरेनी बासिन्दा सिमोनलाई गाउँबाट आइरहेका तिनीहरूले भेटे, र येशूको क्रूस बोकेर लैजान तिनलाई कर लगाए। २२ त्यसपछि तिनीहरूले येशूलाई गलगथा भन्ने ठाउँमा ल्याए– गलगथाको अर्थ खोपड़ीको स्थान हो। २३ अनि तिनीहरूले उहाँलाई मूर्र मिसाएको दाखमद्य दिए। तर उहाँले त्यो ग्रहण गर्नुभएन। २४ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे। अनि कसले कुन भाग पाउने सो निश्चय गर्न चिट्ठा हालेर तिनीहरूले उहाँका लुगाहरू आपसमा बाँड़े। २५ तिनीहरूले उहाँलाई क्रूसमा टाँग्दा बिहानको नौ बजेको थियो। २६ उहाँको दोष-पत्रमा "यहूदीहरूका राजा" भन्ने लेखिएको थियो। २७ तिनीहरूले उहाँसँग दुई जना डाँकूहरू क्रूसमा टाँगे– एउटालाई उहाँको दाहिनेपट्टि, र अर्कालाई**

उहाँको देब्रेपट्टि। २८ [धर्मशास्त्रको वचन यसरी पूरा भयो, "उहाँ अपराधीहरूसँग गनिनुभयो।"] २९ त्यहाँबाट जाने मानिसहरूले आफ्नो मुन्टो हल्लाउँदै यसो भनेर उहाँलाई गिल्ला गरे, "वाह! तँ मन्दिर भत्काएर तीन दिनमा बनाउने, ३० क्रूसबाट ओर्लेर आइज, र आफूलाई बचा।" ३१ त्यसै गरी मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरूसँग यसो भन्दै आपसमा उहाँको ठट्टा गरे, "यसले अरूलाई बचायो, तर आफूलाई चाहिँ बचाउन सक्दैन। ३२ यो इस्राएलका राजा, ख्रीष्ट अब क्रूसबाट ओर्लेर आओस्, र हामी त्यो देख्नेछौं र विश्वास गर्नेछौं।" उहाँसँग क्रूसमा टाँगेकाहरूले पनि उहाँको निन्दा गरे। ३३ बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो। ३४ तीन बजेतिर यसो भनेर येशू ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" – जसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?" ३५ वरपर उभिनेहरूमध्ये कोही-कोहीले यो सुनेर भने, "सुन, त्यसले एलियालाई बोलाउँदैछ।" ३६ अनि एक जनाले दौडेर गई एउटा स्पन्ज सिर्कामा पूरै चोपेर एउटा लामो निगालोमा यसो भनेर उहाँलाई पिउन दियो, "हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि।" ३७ तब येशूले ठूलो सोर निकालेर प्राण त्याग्नुभयो। ३८ अनि मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो। ३९ येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, "साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्।"

यस बेदना वा पीडादायी वा पाशन विवरणमा येशू मौन शिकार हुनुभएको थियो। उहाँको मृत्युलाई हेर्न भोको भएका मानिसहरूले उहाँलाई नियन्त्रणमा राखेको थियो। येशूलाई नपक्रुन्जेल उहाँका क्रियाकलापहरूका स्वामी उहाँ हुनुहुन्थ्यो भनेर मर्कूसको सुसमाचारभरि चित्रण गरिएको थियो। अब मानिसहरूको नियन्त्रणमा उहाँ हुनुहुन्छ। उहाँ तन्दरुस्त र बलियो घुमन्ते सुसमाचार प्रचारक हुनुहुन्थ्यो। उहाँले पाउनु भएको ताडना, निन्द्रा र भोकले गर्दा उहाँ थकित र पेलानमा पर्नुभएको थियो। अब अपरिचित मानिसले उहाँको क्रूस बोक्नुपरेको थियो।

उहाँलाई क्रूसमा टाँगिन्दा उहाँका वस्त्रहरू फुकालिएको थियो र अब ती वस्त्रहरू सिपाहीहरूका सम्पत्ति हुन पुगे। तिनीहरूले चिठ्ठा हालेर ती कस्को हुनेछ भनेर लिएका थिए (भजन २२:१८)। क्रूसका टाँगिन्दा प्रायजसो रगत बहँदैनथ्यो। उहाँलाई ठोकिएका काँटीहरू हात अगाडिका नाडी वा हत्केलाहरूमा ठोकिएको हुनुपर्छ (यूहन्ना २०:२४-२९)। तिनीहरूमा रगत

बग्ने मुख्य नशाहरू हुँदैन। "हात" भन्दा हिब्रू र ग्रीक भाषामा हात र पाखुरालाई सम्बोधन गरिन्छ। हात आफैमा क्रूसमा टाँगिन्दा शरीरको बोझ थाम्न सक्दैन। तर हत्केला वा नाडी भएको नशालाई काँटी ठोकिँदा पाखुरामाथिसम्मै असह्य कष्टदायी हुन्थ्यो। त्यसबेला सास फेर्न पनि मुश्किल हुँथ्यो। सास फेर्न लाग्दा पिडीत व्यक्तिले काँटी ठोकिएका पाइटालाहरूलाई तन्काउनु पर्दथ्यो र पाखुराहरूलाई लचिलो बनाउनुपर्दथ्यो। यसले गर्दा पिडीतलाई घोर पीडा हुन्थ्यो। सासै फेर्न नसकिनु पिडीत व्यक्तिहरू मर्नुपर्ने कारणहरूमा एक थियो।

क्रूसमै झुण्डिरहनुभएको समयमा येशूमाथि अति धेरै गिल्ला, उपहास, बेइज्जत र अपमानहरूको बाढी खनिएको थियो। त्यसबेला येशूले आफू को हुँ भनेर उच्चारण नगर्नुभएको क्षण उहाँले आफ्नो गोपनियतालाई प्रकट नगर्नुभएको मर्कूसको आशय देखिन्छ। त्यस समय "प्रभु," "परमेश्वरको पुत्र," "ख्रीष्ट वा मसीह" भन्ने येशूका ओहोदाहरू  प्रायजसो येशूका वेदनाहरूको वर्णनमा देखा पर्दैन।

क्रूसको मुनि यो तत्त्व परिवर्तन भएको देखिन्छ। यो हास्यस्पद छ कि ती ओहोदा वा शिर्षकहरू धर्मगुरुहरूले नै उहाँलाई उपहास गर्दा प्रयोग गर्दछन्। यसरी तिनीहरू आफूहरूलाई नै आफूहरूले अपराधी घोषित गरिरहेका थिए!

उहाँलाई गिल्ला गर्दा एउटा उल्लेखनीय भनाइलाई अर्थपूर्ण मान्नुपर्छ। यो मर्कूस १४:३१मा लेखिएको छ। तिनीहरूले उहाँलाई हेपेर यसरी सम्बोधन गर्दछन्, "कस्तो हो? उनले अरूलाई उद्धार गऱ्यो तर आफूलाईचाहीँ बचाएनन्!"  उहाँ कतिको निरीह हुनुहुन्छ भनेर ठोकुवा गरेर नै उहाँलाई त्यसरी सम्बोधन गरेका थिए। उहाँले अरूलाई सहयोग गऱ्यो (ग्रीक भाषामा त्यसको अर्थ "बचायो," "निको पाऱ्यो," "उद्धार गऱ्यो" भन्ने क्रियापद हुनसक्छ)। यसरी बिडम्बनापूर्वक वा हास्यास्पद वा आइरोनीले ती गिल्ला गर्नेहरूले नै येशू उद्धारकर्ता हुनुहुन्छ भनेर सार्वजनिकरूपमा स्वीकार गरिरहेका थिए। अझ त्यो आइरोनीमा थप्दछन् कि उहाँले आफूलाई बचाउनुभएन र बचाउन सक्नुभएन किनभने क्रूसमा नै अरूलाई उद्धार वा मुक्ति दिइरहनुभएको थियो।

**यूहन्ना १:१-३ पढ्नुहोस् र यसले हामीलाई येशूको बारेमा के भनिरहेको छ सो सोच्नुहोस्। त्यही येशू क्रूसमा टाँगिनुभएको थियो भनेर मर्कूसले लेख्दछन्। येशूको मृत्यु हाम्रो निम्ति के रहेछ भनेर हाम्रो दिमागमा**

कसरी घुसाउने? हेर्नुहोस् यूहन्ना १:१-३ "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्‌वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।"

## ४. परमेश्वरबाट त्यागिनुभएको येशू

मर्कूस १५:३३-४१ पढ्नुहोस्। मर्कूसको सुसमाचारको पुस्तक अनुसार क्रूसमा येशूले उच्चारण गर्नुभएका शब्दहरू मात्रै के हुन्? उहाँको मृत्यु आखिरमा हामी सबैको निम्ति के अर्थ छ? हेर्नुहोस्: ३३ बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो। ३४ तीन बजेतिर यसो भनेर येशू ठूलो सोरले कराउनुभयो, “इलोई, इलोई, लामा सबखथनी?” –जसको अर्थ हो, “हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्यागनुभएको छ?” ३५ वरपर उभिनेहरूमध्ये कोही-कोहीले यो सुनेर भने, “सुन, त्यसले एलियालाई बोलाउँदैछ।” ३६ अनि एक जनाले दौड़ेर गई एउटा स्पन्ज सिर्कामा पूरै चोपेर एउटा लामो निगालोमा यसो भनेर उहाँलाई पिउन दियो, “हेरौं, कतै एलिया त्यसलाई झार्न आउँछन् कि।” ३७ तब येशूले ठूलो सोर निकालेर प्राण त्यागनुभयो। ३८ अनि मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो। ३९ येशूले यसरी प्राण त्यागनुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, “साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्।” ४० त्यहाँ टाढ़ैबाट हेरिरहने केही स्त्रीहरू पनि थिए। तिनीहरूमध्ये मरियम मग्दलिनी अनि सानोचाहिँ याकूब र योसेफकी आमा मरियम र सलोमी थिए। ४१ उहाँ गालीलमा हुनुहुँदा, यिनीहरूले उहाँलाई पछ्याउँथे, र उहाँको सेवा-टहल गर्थे। येशूको साथमा यरूशलेममा आएका अरू धेरै स्त्रीहरू पनि त्यहाँ थिए।"

क्रूस अत्यन्तै काल रात्री वा अन्धकारको स्थान थियो भनेर मर्कूसको सुसमाचारले प्रस्तुत गर्दछ। भौतिक वा शारीरिक र आत्मिक रूपमा त्यो आहत वा सबैलाई त्राही त्राही बनाउने समय थियो। दिउँसो बाऱ्हबजेदेखि ३ बजेसम्म अलौकिक ढङ्गले क्रूसमा अन्धकारले छोपेको थियो। क्रूस मात्र होइन सारा देशमा नै अन्धकार छाएको थियो भनेर यसरी लेखिएको छ: "बाह्र बजेदेखि तीन बजेसम्म सारा देशलाई अन्धकारले छोप्यो।" मर्कूस १५:३३।

क्रूसमा येशूले उच्चारण गर्नुभएका शब्दहरूलाई "परित्यागको चिच्याहत" भनिन्छ। परमेश्वरतिर लक्षित गरेर चित्कार गर्दै उहाँले प्रार्थना गर्नुहुन्छ कि उहाँका पिता परमेश्वरले उहाँलाई त्यागनुभयो। उहाँ भजन

२२:१को भनाइलाई नै उच्चारण गर्नुभएको थियो। त्यही भजनका अरू भागहरू मर्कूस १५:२४ र २९मा सम्बोधन गरिएका छन्। येशूको मृत्युमा धर्मशास्त्र पूरा भएको भनेर त्यसले देखाउँछ। दुष्ट मानिसहरूले येशूलाई मार्ने दुष्ट खषयन्त्र गर्दा पनि परमेश्वरको इच्छा तिनीहरूले पूरा गरिरहेको देखाउँछ। येशूले क्रूसमा उच्चारण गर्नुभएका शब्दहरू आरामिक भाषामा पनि लेखिएको छः "मेरा परमेश्वर, मेरा परमेश्वर अर्थात् ईलोइ, ईलोइ (वा ईलाही)। यसको अर्थ "मेरो परमेश्वर यह्वे YHWH हो। येशूको मृत्युमा तमाशा हेर्नेहरले भिन्नै गलत अर्थ लगाएका थिए।

**यही सम्बोधन येशूको बप्तिस्मामा पनि प्रयोग गरिएको थियो जुन मर्कूस १:९-११मा छ।**

| | |
|---|---|
| बप्तिस्माको समयमाः मर्कूस १:९-११ | क्रूसमाः मर्कूस १५:३४-३९ |
| यूहन्नाले येशूलाई बप्तिस्मा दिनुहुन्छ | येशूको बप्तिस्मा (मर्कूस १०:३८ सँग तुलना) |
| यूहन्ना (एलियालाई प्रतिनिधित्व गरेका; मर्कूस ९:११-१३) | एलियालाई बोलाएको भनेर बुझिएको |
| आकाश फाडिन्छ | मन्दिरको महापवित्र स्थानलाई अलग गर्ने पर्दा फाडिन्छ |
| आत्मा वा सास (न्युमा **pne**uma) | येशूको मृत्यु हुन्छ (एक्स **पन्युओ** ex**pneo**) |
| परमेश्वरको आशवाणी "मेरा प्रिय पुत्र" | कप्तानले उच्चारण गर्छ "परमेश्वरको पुत्र" |

ती तुलनाहरूले हामीलाई यो सिकाउँदछ कि मर्कूस १ मा उल्लेख गरिएको येशूको बप्तिस्मा दानिएल ९:२४-२७मा भविष्यवाणी गरेको अनुसार उहाँको सेवाकार्यको सुरु हो भने मर्कूस १५मा क्रूसमा उहाँको सेवाकार्य समाप्त भएको वा उहाँको लक्ष पूरा भएको देखाउँछ। उहाँ धेरैको निम्ति मुक्तिधन तिर्न मर्नुहुन्छ (मर्कूस १०:४५)। क्रूसमा येशूको मृत्युले दानिएल ९:२४-२७को भाग पूरा भएको थियो। मन्दिरको पर्दा च्यातिनुको (मर्कूस १५:३८) अर्थ बलिप्रथा वा धर्म गरेर मुक्ति पाउने भन्ने धारणाको अन्त्य भएको थियो। नक्कल वा औंल्याइएको बलिप्रथालाई अब सक्कल बलि वा

येशूको मृत्यु देखा पर्दा पूरा भएको थियो। अब मुक्तिको इतिहासमा नयाँ अध्याय थपिन पुगेको थियो।

*मानवले दुष्ट नाटक खेलेर येशूलाई मारेतापनि परमेश्वरका लक्ष्यहरू पूरा भएको थियो। हामीलाई र हाम्रा वरिपरि जे भइरहेका छन् जेभएतापनि हामीले परमेश्वरमाथि अझै भरोसा राख्न सक्छौं र अन्तमा आएर असलकै जित हुनेछ भनेर हामी कसरी ढुक्क हुने?*

## ५. चिहानमा विश्रामको निम्ति येशूको शरीरलाई राखिन्छ

**मर्कूस १५:४२-४७। आरमथियाको योसेफको हस्तक्षेपको अर्थ के हो? येशूका चेलाहरू बेपत्ता भएको थिए, अनि येशूको लासलाई के गर्ने भन्ने सन्दर्भमा योसेफको भूमिका किन उल्लेखनीय छ? हेर्नुहोस्, " ४२ तयारीको दिन, अर्थात् शबाथ-दिनको अघिल्लो दिन, साँझ पर्दैथियो। ४३ महासभाका प्रतिष्ठित सदस्य अरिमाथियाका योसेफ, जसले परमेश्वरका राज्यको बाटो हेर्दैथिए, तिनले साहसपूर्वक पिलातसकहाँ गएर येशूको लाश मागे। ४४ येशू अघि नै मरिसक्नुभएको सुन्दा पिलातस छक्क परे। अनि कप्तानलाई आफूकहाँ बोलाएर उहाँको मृत्यु भएको हो कि होइन भनी सोधपूछ गरे। ४५ उहाँको मृत्यु भइसकेको कुरा कप्तानबाट थाहा पाएपछि पिलातसले येशूको मृत शरीर योसेफलाई लैजाने अनुमति दिए। ४६ अनि योसेफले मलमलका कपड़ा किने, र लाश तल झारेर कपड़ाले बेह्रे, अनि चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे। त्यसपछि चिहानको मुखमा तिनले एउटा ढुङ्गा राखिदिए। ४७ मरियम मग्दलिनी र योसेफकी आमा मरियमले उहाँलाई राखेको ठाउँ हेरिराखेका थिए।"**

येशूको मृत्युमा भएका नाटकीय घट्ना पछि त्यसबेलाको चलन अनुसार संस्कार चल्दछ। मरेका मानिसहरूलाई जहिले पनि गाडिनुपर्थ्यो। तर यहाँ जे घट्नाहरू भए तिनीहरूमा आत्मिक रूपमा भावनात्मक भएका थिए र ऐतिहासिक रूपमा अत्यन्तै महत्त्वपूर्ण थियो।

पहिलो पल्ट र अन्तिम पटक मर्कूको सुसमाचारमा आरमिथियाका योसेफ देखा पर्छन्। उनी यहूदी धर्म सभासद सानहिद्रनको सम्माननीय सदस्य थिए। उनलाई सहरका बुद्धिजीविहरूमा गनिन्थ्यो। उनी सम्पन्न र सबैले सम्मान गरेका व्यक्तित्व थिए। बडाहाकिमको अगाडि उभिन सक्नु नै उनी कस्तो कदर गरिएको व्यक्ति थिए भनेर चिनाउँछ। पिलातसको सामु उभेर येशूको पार्थिव शरीर निडरसाथ मागेका थिए। धार्मिक सभासदकै सदस्यले

येशूलाई गाड्न अघि सरेका अत्यन्तै सान्दरभिक मान्नुपर्छ। त्यसबेला येशूले विश्वास गरेका चेलाहरू खोइ त?

एउटा अत्यन्तै ऐतिहासिक विस्तृत जानकारी त यो छ कि येशूको मृत्युको प्रमाणीकण भएको छ। योसेफले येशूको पार्थिव शरीर पाउन अनुरोध गरेको मर्कूस १५:४३ मा लेखिएको छ। येशू मर्नुभयो भन्ने खबर सुन्दा पिलातस छक्क परेका थिए। उनले क्रूसको रेखदेख गर्ने कप्तानलाई बोलाएर येशू मर्नुभयो कि भनेर सोधपूछ गर्छन्। येशू मर्नुभयो भनेर कप्तानले बताउँछन्।

यो विवरण किन महत्त्वपूर्ण छ भने कतिपयले येशू क्रूसमा मर्नुभएको होइन, उहाँ मुर्छा मात्र हुनु भएको थियो वा (उहाँ अन्तै जस्तो भारतमा मरेर गाडिनुभएको थियो) भनेर दावी गरेका थिए। रोमको बडा हाकिमको सामु कप्टानले दिएको साक्षी अनुसार उहाँको मृत्युको बारेमा अनेकौं अनुमानहरूको खण्डन गर्दछ। अपराधीहरूलाई कसरी मृत्यु दण्ड दिने मामिलामा रोमीहरू खप्पिस थिए।

योसेफले येशूको पार्थिव शरीरलाई बेर्न सुती कपडा ल्याएका थिए र उहाँलाई पत्थरमा काटिएको चिहानमा राखेका थिए (मर्कूस १६:५)। योसेफको साथै दुई स्त्रीहरू-मेरी मग्दलिनी र मेरी योशेका आमा-गाड्ने बेलामा थिए भनेर सुसमाचारको पुस्तकमा लेखिएको छ। सोलोमीसँगै ती दुई स्त्रीहरूले येशूलाई क्रूसमा टाँगिएको टाढैबाट हेरिरहेका थिए। ती तीनै जना आइतबार बिहान चिहानमा जान्छन्। येशूको शरीरमा सुगन्धित अत्तर लगाउन तिनीहरू त्यहाँ जान्छन् (मर्कूस १६:१)।

ती महिलाहरूको बारेमा किन जानकारी दिए त? मर्कूस १६को अनुसार रित्तो चिहान भएको साक्षी तिनीहरूले बक्नेछन्। त्यसकारण, येशूको पुनरुत्थानको साक्षी हुनु महत्त्वपूर्ण छ।

***यो त अचम्मै मान्नुपर्छ येशूका चेलाहरू ती सबै घट्नाहरूमा गायब थिए तर येशूलाई दोष लगाउने यहूदी सभासदको सदस्यको सदस्यले यहाँ आफ्नो बहादुरता देखाएको थिए। निर्णायक घडीमा हामी होऊन् भनेर हामी कसरी यकिन हुने?***

**उपसंहारः**

**थप जानकारीः द डिजाएर अभ एजेजको पृ. ७२३-७८४को "इन पिलातस् जजमेन्टल हल," "क्यालभरी," र "इतइज फिनिस्ड।"**

"येशूलाई छोड्न पिलातसले भित्री हृदयदेखि चाहना गरेका थिए। तर उहाँलाई छोड्न नसक्ने भएको उनले महसुस गरे। यदि उहाँलाई आफूखुशी छोडे आफ्नो पद र मानलाई धरापमा पर्ने भय उनमा थियो। सांसारिक शक्ति वा बडा हाकिम जस्तै सम्माननीय पदलाई गुमाउनुभन्दा निर्दोष व्यक्तिलाई बलि दिन उनले निर्णय गरे। आफूले गुमाउनु पर्ने प्रतिष्ठालाई गुमाउनुभन्दा वा दुःखमा पर्न नचाहने कतिपयले नैतिकता र सिद्धान्तलाई त्याग गरिरहेकाछन्। विवेक र चेतना र गर्नुपर्ने कर्तव्यले एकातिर औँल्याउँछ भने आफ्नो भाउ खोज्ने र व्यक्तिगत स्वार्थले अर्कोतिर औँल्याइरहेको हुन्छ। त्यस धारले मानिसहरूलाई अत्यन्त कडा गलत दिशातिर लगिरहेको हुन्छ। जो मानिस दुष्ट वा खराब तत्त्वसँग सम्झौता गरेर चल्छ त्यो मानिस दोषी मनस्थितिले ग्रस्त भएर अन्धकारको जीवनमा धकेलीरहेको हुन्छ।"-द डिजाएर अभ एजेज, पृ. ७३८।

"हाम्रो बदलिमा मर्नुभएको र पक्का जमानत हुनुभएको येशूमाथि हाम्रा सबैका पापहरू लादिएका थिए। हाम्रो निम्ति उहाँ अपराधीमा गनिनु भएको थियो। परमेश्वरको दश आज्ञालाई उलङ्घन गर्दा पाउने दोषहरूबाट उहाँले हामीलाई मुक्त गर्नुभएको थियो। आदमदेखिका मानव जगतको दोष उहाँको हृदयमा बोझ भएर लादिएको थियो। पापको विरुद्धमा परमेश्वरको क्रोध थियो। खराब तत्त्व र पापको ज्यादतिले ल्याएको वा ल्याउने भयानक नतिजाले उहाँको पुत्रको हृदयमा आतङ्क मच्चाएको थियो। यस संसारमा हुँदा पिताको दया र क्षमाशीलताको असल सन्देश यस पतित संसारमा उहाँको जीवनभरि सुनाउनुभएको थियो। पापीहरूका पापी अगुवाले मुक्ति पाऊन् भन्ने उहाँको लक्ष थियो। अब क्रूसमा पापको भयानक अपराधको बोझ उहाँले क्रूसमा बोकिरहनुभएको थियो। उहाँले पिताको मेलमिलाप गर्ने अनुहार देख्न सक्नुभएन। यस समय परमेश्वरको अनुहार मुक्तिदाताबाट लुक्न जाँदा उनको हृदयमा पीडाको पराकाष्टाले घोचिएको थियो। उहाँले अनुभव गर्नुभएको शोक, वेदना र पीडा मानव प्राणीले कहिल्यै पनि बुझ्न सक्दैन। पापले गर्दा उहाँमा भएको घोर पीडा वा व्यथा यस्तो महान् थियो कि उहाँले शारीरिक दुखाइ मुश्किलले अनुभव गर्नुभएको थियो।"-*द डिजाएर अभ एजेज,* ७५३।

**चिन्तनमननः**

अ. एलेन जी. ह्वाइटको कथन अनुसार हाम्रो बदलिमा मर्नुभएको येशूको बारेमा धर्मविज्ञान सबै धर्मविज्ञानहरूको केन्द्रविन्दु कसरी भएको छ (बाइबलमा पनि उदाहरणमा यशैइ ५३)। कुनै पनि धर्मदर्शन, वाद, आत्मज्ञान, ज्ञानविज्ञान जसले हाम्रो बदलिमा मर्नुभएर हाम्रो पापको जरिवाना तिर्नुभएको केन्द्रिय अवधारणालाई न्युनीकरण गर्दछ त्यो गलत दर्शन वा आत्मज्ञान हो भनेर हामी   किन मान्नुपर्दछ?

आ. आजको समाजमा वा इसाई समाजमा नै किन नहून् येशूको सट्टामा बरब्बाको माग गर्ने को र के हुन्?

इ. कसैलाई बाहिरी आचरणबाट न्याय वा मूल्याङ्कन गर्नुहुन्न भन्ने मनोवृत्तिलाई आरमेथियाको योसेफको कथाले हामीलाई के सिकाउँछ?

ई. दानिएल ९:२४-२७को फेरि समिक्षा गर्नुहोस्। कसैले सोधेमा तपाईंले यसमा आधारित बाइबल अध्ययन किन दिनुपर्छ वा के तपाईं दिन सक्नुहुन्छ?

## कथा १२
## आर्मेनियामा ख्रीष्ट ल्याउनु, भाग १२

जब आफ्ना बाबुका निम्ति अनुशले प्रार्थना गरिरहेकी थिइन्, उनले उनको सहरमा रहेका ४००० आर्मेनियनहरूका निम्ति पनि प्रार्थना गरिरहेकी थिइन्। परमेश्वरले मानिसहरूका हृदयमा छुन थाल्नुभयो। बप्तिस्मा पछि अनुश र दुई अरू महिलाहरूसँग आफ्नो सहरको निम्ति प्रार्थना गर्न थाले। अनि तिनीहरूले सेमिनारहरू आयोजना गरे जहाँ दर्जनौं युवाहरूले चासो देखाएका थिए। तिनीहरूले एक दिन युरो-एशिया डिभिजनको सहयोगले एउटा बस भाडामा लिएर ५० जना युवाहरूलाई आर्मेनियामा भ्रमण गरे। तिनीहरू जहाँ जहाँ गए त्यहाँ त्यहाँ चर्चका मानिसहरूले तिनीहरूलाई हार्दिक सत्कार गरे र तिनीहरूलाई साथी बनाए। जब घरबाट टाढा भ्रमण गरिरहेको बेलामा युवायुवतीहरू अझ धेरै भलादमी भएका र परमेश्वरको बारेमा प्रश्नहरू गर्दै चासो देखाएका अनुशले महसुस गरे।

अनुश रहेको सहरमा धेरै मानिसहरूले एडभेन्टिस्ट सन्देशप्रति चासो देखाउन थाले। दुई हप्ताको एक आइतबार त्यस सहरका जाने एक जना पास्टरले निर्णय गरे। उनले एक आपसमा कसरी सम्बन्ध सुधार्ने, आर्थिक व्यवस्थापन कसरी गर्ने र अरू ब्यावहारिक विषयहरू सिकाउन थाले। दुई वर्षसम्म धेरै मानिसहरू त्यस कार्यक्रममा भाग लिए। बाबु सहरका प्रतिष्ठित र आदर गरिने व्यक्ति हुनुहुन्थ्यो। जब उनी सेभेन्थ-डे एडभेन्टिस्ट भए सहरका पूरै मानिसहरूले उनमा भएको परिवर्तनलाई देखेका थिए। मानिसहरू विश्वासको बारेमा चर्चा गरे र एडभेन्टिस्ट चर्चमा जान थाले। यो राष्ट्रिय चर्च थिएन। उनको बप्तिस्माले त्यस सहरमा भारी परिवर्तन आउन थाल्यो। सात जना विश्वासी महिलाहरू व्यक्तिगत घरमा चर्च कार्यक्रम गर्थे। अब तिनीहरू बहालमा लिएको सभागृहमा प्रत्येक साबथमा आराधना कार्यक्रम चलाउन थाले। त्यहाँ धेरै मानिसहरू जम्मा हुन्थे। चर्चका सदस्यहरूले दैनिक जुमबाट प्रार्थना सङ्गति गर्न थाले। अब तिनीहरूले चर्च भवन किन्ने तरखरमा छन्।

आज बाबु, जसको नाउँ आर्मेन सफार्‍यान हो उनकी श्रीमती गायन बाडालयन र छोरी अनुश सपार्‍यान सँगसँगै काम गर्छन्। तिनीहरूको कम्पनीमा तीन किसिमको टोफु बनाउँछन्। आर्मेनियाको एउटै टोफु बनाउन कारखाना भएकोले उनको बारेमा राष्ट्रिय टेलिभिजनमा प्रसारण भएको थियो। त्यसमा आफूले किन टोफु बनाउन सुरु गरे भनेर गवाही दिन पाएका थिए।

आज बाबु चर्चको एल्डर र पारिवारिक सेवाकार्य विभागमा अनुवा छन्। उनी र उनकी श्रीमतीले चलाएको स्वास्थ्य सेवा विभागमा का गर्दथे। अरू चर्चहरूमा पनि तिनीहरूको माग धेरै छ। त्यो देशमा बाबु सबैको निम्ति अनुसरणीय उदाहरण भइरहेको छ। त्यो देशमा प्रायजसो बाबु वा श्रीमानबिना आमाहरू चर्च जान्छन्। बुबा, आमा र अनुशले त्यो परिवर्तन गर्न चाहन्छन्। जब सभा कार्यक्रम हुन्थ्यो आयोजकले बाबुलाई देखाएर भन्थे आर्मेनियाको उदाहरणीय एडभेन्टिस्ट भनेर चिनाउँछन्। चर्चमा जान हिचकिचाउने पुरुषहरूलाई चर्चका अगुवाहरूले भन्थे, "दाजुभाइहरू, चर्चमा जाने तपाईंहरू मात्र होइन, उहाँ पनि साबथमा चर्च जानुहुन्छ,।"

अनुशले उनको कथा चर्च र युवा भेलाहरूमा सुनाउँछिन्, "तपाईंका श्रीमान् र बाबुहरूले मात्र तपाईंहरूलाई चर्च जान दिने अनुमतिको निम्ति प्रार्थना नगर्नुहोस्। तिनीहरू पनि तपाईंहरूसँगै जान परमेश्वरसँग बिन्ती गर्नुहोस्।"